शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि

## मिति २०८२/१२/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. योजना संसोधन सम्बन्धमा ।
२. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता नपुग रकम सम्बन्धमा ।
३. मेयर/उपमेयर कप खेलकुद संचालन समिति गठन सम्बन्धमा ।
४. एलाइन्स इनर्जी सोलुसन्स प्रा.लि. मार्फत निर्माण हुने माथिल्लो सितखोला साना जलविद्युत आयोजनाको प्रस्तुती तथा स्वीकृती सम्बन्धमा ।
५. ठाडा डमरुदह बहुउदेश्यीय सिंचाई योजनाको श्रोत सुनिश्चितता सम्बन्धमा ।
६. ठाडा प्रा.स्वा.के.मा कार्यरत मेडिकल अफिसरको थप सुविधा सम्बन्धमा ।
७. विविध सम्बन्धामा ।

### निर्णय नं. १

प्रस्ताव नं. १ का सन्दर्भमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ का छलफल गर्दा हालै सम्पन्न भएको राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता गर्दा रकम अपुग भएको भनि पेश भएको सन्दर्भमा सहभागि विद्यालयबाट विद्यार्थि ल्याउने लैजाने (कार्यक्रम संचालन भएको वडाको स्थानीय विद्यालय बाहेक) खर्च रकम विद्यालयको खातामा उपलब्ध गराउने र शिक्षा शाखाबाट पेश भएको समेत गरी नपुग रकम भुक्तानीको लागि रु ४८००००।- विनियोजन निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ का सन्दर्भमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ का माथि छलफल गर्दा एलाइन्स इनर्जी सोलुसन्स प्रा.लि. मार्फत निर्माण हुने माथिल्लो सितखोला साना जलविद्युत आयोजनाका निर्माणको लागि तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**१ प्रस्तावना .**

शितगंगा नगरपालिका क्षेत्रभित्र प्रस्तावित *माथिल्लो सितखोला साना जलविद्युत आयोजना* (क्षमता करिब ९०५ किलोवाट सम्बन्धमा (Alliance Energy Solutions Pvt. Ltd. काठमाण्डौंद्वारा आवश्यक प्राविधिक, कानूनी, वित्तीय तथा वातावरणीय विवरणसहित स्थानीय तहमा आवद्धता, अध्ययन, सर्वेक्षण, उत्पादन तथा प्रसारण अनुमति प्रदान गरिदिन निवेदन पेश भएको छ।

उक्त निवेदनसँग सम्बन्धित विभिन्न संघीय, प्रादेशिक तथा स्थानीय निकायबाट जारी भएका पत्राचार, स्वीकृतिहरू, अध्ययन प्रतिवेदन तथा विगतका निर्णयहरू समेत संलग्न भई पेश भएको हुँदा सोसम्बन्धमा समग्र विश्लेषणसहित निर्णयार्थ कार्यपालिकामा प्रस्तुत भएको।

**२ वातावरणीय तथा प्राविधिक पक्ष .**

१. आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन )EIA) Environment Service Nepal Pvt. Ltd. (ESN), सेन्ट्रल बिजनेस पार्क, थापाथलीबाट सम्पन्न भई वन तथा वातावरण मन्त्रालयसिंहदरवारबाट मिति २०७७।०७।०३गते स्वीकृत भएको जानकारी २०७७।०७।०४ गतेको पत्रबाट प्राप्त भएको ।
२. मिति २०७६।०६।१५ मा सम्पन्न सार्वजनिक सुनुवाईमा उठेका विषयहरूको सम्बोधन गरी मिति २०७६।०८।०२ मा आयोजना कार्यान्वयनकालागिशितगंगा नगरपालिकाबाट सिफारिस गरिएको।

३. EIA को Scoping सम्बन्धी सूचना राष्ट्रिय पत्रिका आर्थिक अभियानमा प्रकाशित गरी कानूनी प्रक्रिया पूरा गरिएको।

४. आयोजनाको Project Layout (Topomapसहित) तथा भौगोलिक समन्वयाङ्क (Coordinates) विद्युत विकास विभागबाट स्वीकृत।

३ ऊर्जा क्षेत्रसँग सम्बन्धित स्वीकृतिहरू .

१. नेपाल विद्युत प्राधिकरण र कम्पनीबीच मिति २०७४।०८।२५ मा विद्युत खरिद सम्झौता) PPA) सम्पन्न।
२. सोही अनुसार Connection Agreement समेत मिति २०७५।०८।२५ मा सम्पन्न।
३. विद्युत विकास विभागबाट मिति २०७१।०२।०६ मा सर्वेक्षण अनुमति प्रदान गरिएको।
४. मिति २०७३।१०।२३ मा संशोधित Project Coordinates स्वीकृत गरिएको।
५. विद्युत विकास विभागद्वारा प्रकाशित सूचना (१६।११।२०७४ मिति)अनुसार १ मेगावाटसम्मका आयोजनाहरू स्थानीय तहमा आवद्ध हुनुपर्ने स्पष्ट व्यवस्था रहेको।
६. विद्युत विकास विभागमा उक्त सितखोला आयोजना सूचीमा सूचिकृत भएको ।

४) वन तथा वातावरण सम्बन्धी स्वीकृतिहरू **.Forest and Environmental Clearances)**

१. डिभिजन वन कार्यालय, अर्घाखाँचीद्वारा सट्टा भर्ना जग्गा सम्बन्धी प्रक्रिया अघि बढाइएको।
२. वन तथा वातावरण मन्त्रालयबाट EIA स्वीकृत सम्बन्धी पत्राचार सम्पन्न।
३. राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८०।०६।२४ मा निर्णय भएको।
४. वन तथा भूसंरक्षण विभाग, बबरमहलमार्फतआवश्यक प्रक्रिया सम्पन्न भएको ।

५) वित्तीय तथा लगानी पक्ष **.Financial Arrangements)**

- बैंक तथा वित्तीय संस्थाबाट आयोजना वित्तीय लगानीका लागि आशयपत्र )Letter of Intent) प्राप्त।
- आयोजना सार्वजनिकनिजी साझेदारी )PPP) मोडेल अन्तर्गत सञ्चालन गर्ने प्रारम्भिक अवधारणा विकास गरिएको।
- स्थानीय तहलाई शेयर प्रदान गर्ने प्रस्ताव कम्पनीद्वारा पेश गरिएको, जसलाई नगरपालिकाले सकारात्मक रूपमा लिएको।

६) कार्यपालिका तथा कार्यालयका पूर्व निर्णयहरू **.Institutional Decisions Timeline)**

१. **मिति २०७५।०६।२१ :(१० .निर्णय नं)**उत्पादन अनुमति दिने निर्णय।
२. **मिति २०७५।०७।१८:**उक्त निर्णय हाललाई कार्यान्वयन नगर्ने निर्णय। (स्थगन गर्ने)
३. **मिति २०७५।०८।१३:**प्रस्तुतीकरण तथा थप छलफल पश्चात मात्र निर्णय लिने भनी अनुमति स्थगन।
४. **मिति २०७६।०८।०२:**सार्वजनिक सुनुवाईका सुझाव समेटी आयोजना कार्यान्वयनका लागि सिफारिस।
५. **मिति २०८०।१०।२९:** PPP मोडेल, शेयर लगानी तथा नीतिगत ढाँचाबारे अध्ययन भइरहेको जानकारी।
६. **मिति २०८२।०२।१३:**नगरपालिका र कम्पनीबीच आयोजना विकास सम्झौता सम्पन्न नगर प्रमुख श्री ) ।(छविलाल पौडेलबाट हस्ताक्षर

७) कानूनी आधार **.Legal Foundation)**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ २ उपदफा), खण्ड ध३मेगावाटसम्मका १ अनुसार ( जलविद्युत आयोजनाको नीति, अनुमति, नियमन तथा अनुगमन गर्ने अधिकार स्थानीय तहमा निहित।
- संघीय ऊर्जा, वातावरण तथा वन सम्बन्धी प्रचलित ऐन, नियम तथा मन्त्रिपरिषद्का निर्णयहरू।

८ थप प्राप्त .निवेदन तथा पत्राचार **)Additional Submissions)**

- कम्पनीद्वारा स्थानीय तहमा आवद्धता तथा अनुमति सम्बन्धी विस्तृत निवेदन।
- शेयर लगानी प्रस्ताव सम्बन्धी पत्र।
- विद्युत उत्पादन अनुमति नामसारी )Shitganga Hydropower Company Pvt. Ltd.) सम्बन्धी अनुरोध पत्र।

९.कम्पनी अद्यावधिक सम्बन्धि डकुमेन्टहरु :

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपि

- श्री एलान्स इनर्जिको सोलुसन्स प्रालि काठमाण्डौको करचुक्ता प्रमाणपत्र
- श्री एलान्स इनर्जिको सोलुसन्स प्रालि काठमाण्डौको अडिट प्रतिवेदन
- श्री शितगंगा हाइड्रोको कर चुक्ता प्रमाणपत्र
- कम्पनी रजिष्ट्रारको कार्यालयमा श्री शितगंगा हाइड्रोपावर कम्पनी दर्ताको वार्षिक अभिलेख भएको पत्र
- शितगंगा हाइड्रोको कम्पनीको अडिट रिपोर्ट

**१०. विश्लेषण तथा निष्कर्ष )Analysis and Findings)**

उपरोक्त सम्पूर्ण कागजात, स्वीकृति, अध्ययन प्रतिवेदन तथा पूर्व निर्णयहरूको समग्र मूल्याङ्कन गर्दा:

- आयोजना कानूनी, प्राविधिक तथा वातावरणीय रूपमा पर्याप्त परिपक्व अवस्थामा पुगेको देखिन्छ।
- संघीय निकायबाट आवश्यक पूर्व स्वीकृतिहरू प्राप्त भइसकेको।
- स्थानीय स्तरमा सहभागिता, राजस्व र विकासको सम्भावना उच्च रहेको।
- विगतका स्थगनहरू मुख्यतः प्रक्रिया परिपक्वता र नीतिगत स्पष्टतासँग सम्बन्धित रहेको, जुन हाल समाधान भएको देखिन्छ।

**११: निर्णय .**

उपरोक्त आधार, छलफल तथा विश्लेषणको आधारमा नगर कार्यपालिकाबाट निम्नानुसार निर्णय गरियो:

**११आवद्धता तथा अनुमति १.**

Alliance Energy Solutions Pvt. Ltd. लाई प्रस्तावित *माथिल्लो सितखोला साना जलविद्युत आयोजना*को लागि शितगंगा नगरपालिकामा**औपचारिक आवद्धता प्रदान गर्नेतथाअध्ययन, सर्वेक्षण, उत्पादन र प्रसारण अनुमति प्रदान गर्ने।**

**११) सर्तहरू २.Conditionality)**

१. स्वीकृत EIA प्रतिवेदन पूर्ण कार्यान्वयन अनिवार्य हुनेछ।
२. स्थानीय समुदायको सहभागिता तथा शेयर सुनिश्चित गर्नुपर्नेछ।
३. संघीय तथा प्रादेशिक निकायबाट आवश्यक थप स्वीकृति लिनुपर्नेछ।
४. वातावरणीय संरक्षण, पुनर्स्थापना तथा सामाजिक उत्तरदायित्व कार्यक्रम अनिवार्य रूपमा सञ्चालन गर्नुपर्नेछ।
५. आयोजनाबाट हुने राजस्व, सेवा शुल्क तथा लाभको संरचना नगरपालिकाको हितअनुकूल सुनिश्चित गरिनेछ।

**११) संस्थागत व्यवस्था ३.Institutional Mechanism)**

- आयोजना अनुगमनका लागि**स्थानीय प्राविधिक समन्वय समिति गठन गर्ने।**
- PPP मोडेल कार्यान्वयनका लागि आवश्यक नीतिगत ढाँचा विकास गर्ने।
- परियोजना कार्यान्वयनको नियमित प्रगति प्रतिवेदन पेश गर्न कम्पनीलाई निर्देशन दिने।

**११पूर्व निर्णयहरूको स्थिति ४.**

विगतमा गरिएका स्थगन तथा आंशिक निर्णयहरूलाई यस निर्णयद्वारा**अन्तिम रूपमा निराकरण )Supersede) गरिएको छ ।**

**१२) निष्कर्ष .Conclusion)**

उक्त आयोजना शितगंगा नगरपालिकाको दिगो आर्थिक विकास, ऊर्जा आत्मनिर्भरता तथा स्थानीय रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुऱ्याउने ठहर गर्दै आवश्यक सर्तहरूको पालना सहित कार्यान्वयनमा लैजाने निर्णय सर्वसम्मतबाट पारित गरियो।

संलग्न कागजातहरूको अनुसूची

- दुवै कम्पनी कर चुक्ता प्रमाणपत्र
- दुवै कम्पनिको अडिट प्रतिवेदन
- दुवै कम्पनिको दर्ता अभिलेख अद्यावधिक
- EIA प्रतिवेदन
- PPA तथा Connection Agreement

- वन तथा वातावरण स्वीकृतिहरूका पत्रहरु
- आयोजना विकास सम्झौताहरु

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ का सन्दर्भमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ का सन्दर्भमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ का सन्दर्भमा आगामी कार्यपालिका बैठक मिति २०८२/१२/६ गते विहान ठिक ८ बजे बस्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि